# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७३।०८।१४ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

---

अलौ गा.वि.स. को कार्यालय, पर्सामा विभिन्न आर्थिक वर्षमा विनियोजित सामाजिक सुरक्षा भत्ता लगायत विभिन्न सरकारी रकमहरु हिनामिना गरी भ्रष्टचार गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुंदा, अलौ गा.वि.स. को कार्यालय, पर्सामा कार्यरत तत्कालिन गा.वि.स सचिवहरू रामेश्वर प्रसाद साह र मनोज कुमार साहले आ.व. २०६६/०६७ देखी आ.व. २०६९/०७० सम्ममा सामाजिक सुरक्षा भत्ता, बाल संरक्षण भत्ता लगायत विभिन्न शिर्षकहरुमा निकासा भएको रकम वदनियतपुर्वक हिनामिना गरी आफुहरुलाई गैरकानुनी लाभ पुऱ्याउने र नेपाल सरकारलाई गैरकानुनी हानी पुऱ्याउने बदनियतले काम गरि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टी हुन आएको हुँदा गा.वि.स सचिव रामेश्वर प्रसाद साहलाई रु.३०,३९,१८२।- (तीस लाख उनान्चालिस हजार एकसय बयासी) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम बिगो असुल उपर र सोही दफाले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१) तथा दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम दण्ड सजाय र गा.वि.स. सचिव मनोज कुमार साहलाई रु. ७८,०००।- (अठहत्तर हजार) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम बिगो असुल उपर र सोही दफाले निर्देश गरे बमोजिम दफा ३ को उपदफा १ तथा दफा ३ को उपदफा(१) को देहाय (ग) बमोजिम दण्ड सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

(गणेश राज कार्की)
सह-सचिव एवं प्रवक्ता